

# युवाको साथ, अग्रजको आशिर्वाद

अब

# रवि किरण

**सुर्खेत क्षेत्र नं.१, प्रतिनिधिसभाको उम्मेदवार**

चुनाव चिन्ह **'हलो'**

- अन्तर्राष्ट्रिय पहिचान
- जेन्जी आन्दोलनको नेतृत्व
- राप्रपा केन्द्रीय सदस्य
- स्नातकोत्तर, राजनितिशास्त्र
- कान्छो उम्मेदवार (२८ वर्ष)
- १० वर्षदेखि भ्रष्टाचार विरोधी अभियान

नेपाली जनतालाई पटकपटक झुक्याउने, गुम्राहमा राख्ने, राज्यको सम्पत्तिलाई आफ्नो स्वार्थमा दुरुपयोग गर्ने, भ्रष्टाचारको दलदलमा फसाउने, बेरोजगारीले सीमा नाघेको थियो, जनताका कुरा कतै सुनवाई भएन सोही कारण भाद्र २३ र २४ गते नवदितको पुस्ताको आह्वानमा ठूलो विद्रोह भयो ।

विद्रोहमा मैले अग्रणी भूमिका निर्वाह गरेको थिए, सुर्खेती जनताको शिर ठाडो बनाएको छु ।

विद्रोह भएपछि तत्कालीन प्रतिनिधिसभा विघटन भएर, नयाँ प्रतिनिधिसभाको निर्वाचनमा हामी छौं ।

यति धेरै ठूलो बलिदानी, धनजनको क्षति भएपश्चात् अब पुरानै लयमा देश जान सक्दैन । परिवर्तन अपरिहार्य छ ।

सोही परिवर्तनलाई संस्थागत गर्न म सुर्खेत क्षेत्र नम्बर १ प्रतिनिधिसभाको उम्मेदवारका रुपमा तपाईहरुमाझ आएको छु ।

**"पुरानो शैलीले होइन, नयाँ पुस्ताको संकल्पले देश बन्छ ।"**

# हाम्रा प्रतिवद्धताहरु

- **स्वास्थ्य:** मेहेलकुना अस्पतालको पूर्वाधार तत्काल सम्पन्न गरी, अत्याधुनिक उपकरण र गुणस्तरीय स्वास्थ्य सेवा कायम गर्न लागीपर्नेछौं । आधारभूत अस्पतालहरुमा समेत पर्याप्त जनशक्ति र स्वास्थ्य उपकरणको बन्दोवस्तको लागि लागीपर्नेछौं ।
- **शिक्षा:** सामुदायिक विद्यालयहरुमा एसईई नपुग्दै पढ्न छाड्ने, कमजोर एसईई नतिजा ल्याउने परिपाटीको अन्त्य गर्न पूर्वाधारको विकास, शैक्षिक सामग्रीको बन्दोवस्त एवं शिक्षकहरुलाई राष्ट्रिय स्तरको तालिम दिएर गुणस्तरीय शिक्षाको प्रत्याभूति गराउनेछौं ।
- **खानेपानी:** स्वच्छ खानेपानी पिउन पाउनु सबैको अधिकार हो । प्रत्येक घरमा स्वच्छ खानेपानीको बन्दोबस्तका लागि आवाज उठाउनेछौं ।
- **कृषि:** कृषक भत्तोको मुद्दा, सिंचाई विस्तार, कोल्डस्टोर र प्रशोधन केन्द्र स्थापना गर्न पहल गर्छौं ।
- **भूमि:** भूमिहिन र सुकुम्वासीलाई तत्काल लालपुर्जा वितरण तथा अव्यवस्थित बसोबासको सुरक्षित स्थानमा व्यवस्थापन गर्नेछौं ।
- **समन्वय:** स्थानीय तह र प्रदेश सरकारसँग तपाईंहरुका समस्याहरु समाधान गर्न सेतु भएर काम गर्नेछौं ।
- **सुशासन:** भ्रष्टाचारका विरुद्ध दृढतापूर्वक लड्नेछौं, विभेद, ढिलासुस्ती र अकर्मन्यता अन्त्य गर्नेछौं । तीव्र र दिगो विकास हुनैपर्छ ।
- **रोजगार:** बेरोजगार युवाहरुलाई सीपयुक्त प्राविधिक तालिम प्रदानको पहल गर्दै गरिखाने वातावरण निर्माण गर्नेछौं ।
- **पर्यटन:** प्रत्येक वर्ष रामघाटमा राष्ट्रिय आँप महोत्सव आयोजना गर्न पहल गर्नेछौं । मालारानी गुफा, गिद्धे डाँडा, कोटको थुम्को, सिद्धे ढुंगा (सुकेपोखरी), बुस्से झरना र गर्पनको झरना लगायत धार्मिक एवं प्राकृतिक स्थलहरुको संरक्षण, पूर्वाधार विकास र राष्ट्रिय अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्नेछौं ।
- **खेलकुद:** युवाहरुलाई खेलकुद प्रशिक्षण, खेलकुद मैदान, समाग्री र विभिन्न प्रतिस्पर्धाहरुको सुनिश्चितता गर्नेछौं ।
- **राष्ट्रिय राजनीति:** प्रतिनिधिसभामा संविधान संशोधन लगायतका राष्ट्रिय मुद्दाहरुमा स्पष्ट दृष्टिकोण एवं मार्गनिर्देश गर्नेछौं । कर्णालीका मुद्दाहरुलाई सशक्त तवरले संसदमा उठाउनेछौं ।

**अब पुरानो तालमा देश बन्दैन–परिवर्तन अनिवार्य छ ।**


## रवि किरण हमाल

सुर्खेत क्षेत्र नं.१, प्रतिनिधिसभाको उम्मेदवार

सम्पर्क नं.: ९८५११३१२०१


TikTok

WhatsApp